



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २२ गते आइतबार ❑ 6 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## निजामती सेवा ऐनलाई समयअनुसार अगाडि बढाउन सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री देउवा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

प्रधानमन्त्री शेरबहादुर देउवाले सङ्घीय निजामती सेवा ऐनलाई समयअनुकूल अगाडि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल निजामती कर्मचारी युनियनको आठौँ राष्ट्रिय महाधिवेशनको शनिबार उद्घाटन गर्दै उहाँले सङ्घीय निजामती सेवा ऐनलाई अगाडि बढाउन र कर्मचारी समायोजनका क्रममा देखिएका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो।

"निजामती सेवा समायोजनमा देखिएको असन्तुष्टिलाई यथाशीघ्र सम्बोधन गरिन्छ, जनतालाई मुस्कानसहितको सेवा प्रदान गर्न कर्मचारी लाग्नुपर्छ", उहाँले भन्नुभयो। राजनीतिका आधारमा निजामती कर्मचारीलाई भेदभाव नगरी राष्ट्रहितका लागि उनीहरुलाई लगाउनुपर्ने उहाँको भनाइ थियो। उहाँले प्रभावकारी ढङ्गले काम गर्न कर्मचारीलाई आग्रहसमेत गर्नुभयो।

प्रधानमन्त्री देउवाले ट्रेड युनियनको अधिकारलाई संविधानले स्पष्ट व्याख्या गरेको बताउँदै ट्रेड युनियनलाई व्यवस्थित र परिमार्जन गर्दै लैजानको लागि सरकारको पूर्ण समर्थन रहने उल्लेख गर्नुभयो। निजामती कर्मचारीले सरकारको नीति र योजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्दै लैजानुपर्ने उहाँको भनाइ थियो। सरकारलाई सफल बनाउने जिम्मा भनेको निजामती कर्मचारी भएको बताउँदै प्रधानमन्त्री देउवाले भन्नुभयो, "लोकतान्त्रिक मुलुकमा निजामती सेवाको महत्वपूर्ण भूमिका रहेको छ, निजामती कर्मचारी कानुनप्रति इमान्दार, बफादार, अब्बल र अनुशासित हुनुपर्छ,"। सरकार र जनताबीच निजामती कर्मचारीले पुलको काम गर्दै आएको उहाँको भनाइ थियो।

## पोखरा जनकपुर उडान सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको प्रतिनिधि मण्डल मधेस प्रदेशको भ्रमणमा निस्केको छ।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको निमन्त्रणमा ३ दिने भ्रमणका लागि मुख्यमन्त्रीसहितको टोली शनिबार जनकपुर पुगेको हो। गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको निमन्त्रणमा गत असोज ६ गते मधेस प्रदेशका मुख्यमन्त्री राउत नेतृत्व टोलीले पोखरा भ्रमण गरेको थियो।

प्रदेशबीच सम्बन्ध विस्तार गर्ने, अनुभव साट्ने र संघीयता सुदृढीकरणमा सहकार्य गर्नुका साथै पर्यटन प्रबर्द्धनका लागि अन्तर प्रदेश भ्रमण गरिएको गण्डकीका मुख्यमन्त्री पोखरेलले बताए। सांस्कृतिक महत्व बोकेको जनकपुर र पर्यटकीय महत्व बोकेको पोखराबीच हवाई यातायात सेवा भएपछि दुवै क्षेत्रको पर्यटकीय विकासमा टेवा पुग्ने विश्वास लिएको मुख्यमन्त्री पोखरेलको भनाइ छ। निजी क्षेत्रको उडान कम्पनी बुद्ध एअरले पोखरा-जनकपुर उडान सुरु गरेकै दिन पोखरेल नेतृत्वको टोली जनकपुर आइपुगेको हो। टोलीलाई जनकपुर विमानस्थलमा मधेस प्रदेशका पर्यटन मन्त्री शत्रुधन महतोले स्वागत गरे। गण्डकीको टोली विमानस्थलबाट सिधै मुख्यमन्त्री कार्यालय पुगेको थियो। मधेसका मुख्यमन्त्री राउतले संघ सरकारसँग पौंठेजोरी खेल्दै संघीयतालाई मजबुत बनाउने काममा सरकार लागेको बताए। जानकीको जन्मथलो जनकपुर र पोखराबीचको सम्बन्धलाई मजबुत बनाउने यो भ्रमणले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। मुख्यमन्त्री पोखरेलले शनिबार नै प्रदेशप्रमुख हरिशंकर मिश्रसँग औपचारिक भेट गरेर भ्रमणको उद्देश्यबारे जानकारी गराए। मुख्यमन्त्रीसहितको टोलीले जनकपुरदेखि कुर्थासम्म ५ किलोमिटर खण्डमा रेल यात्रा समेत गरेको छ। त्यसपछि टोली धनुषाधाम पुगेको भने साँझमा गंगा आरतीमा समेत सहभागी भएको छ। गण्डकीको भ्रमण टोलीमा अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, उद्योग तथा पर्यटन मन्त्री मणिभद्र शर्मा कँडेल, प्रमुख सचिव रवीलाल पन्थ, पर्यटन सचिव ज्ञानेन्द्र पौडेल, पोखरा पर्यटन परिषद अध्यक्ष गोपिबहादुर भट्टराई, पोखरा उद्योग वाणिज्य संघ वरिष्ठ उपाध्यक्ष अर्जुन पोखरेल, नाट्टा पोखरा च्याप्टर अध्यक्ष सञ्जय सिग्देल, महासचिव कमला गिरी पर्यटन व्यवसायी एवं उद्योगी छन्। नेपाल टुर्स एन्ड ट्राभल्स एसोसिएसन (नाट्टा) पोखरा च्याप्टरले भ्रमणका लागि सहजीकरण गरेको छ। गण्डकीको टोली आइतबार मधेसप्रदेशका विभिन्न पर्यटकीय र धार्मिकस्थलको अवलोकन गरी सोमबार पोखरा फर्कने कार्यक्रम तय भएको छ।

गण्डकी प्रदेशको राजधानी पोखराबाट सातवटै प्रदेशमा एअर कनेक्टिभिटी बढाउने लक्ष्यका साथ प्रदेश सरकारले समन्वय गर्दै आएको छ। जनकपुर पोखरा अब साताको २ दिन उडान हुनेछ। यसअघि मधेस प्रदेशको सिमरासम्म पोखराबाट बुद्ध एअर उडान थालिसकेको छ। सुदूरपश्चिमको धनगढीमा पनि यही बिहीबारबाट उडान सुरु भएको छ। भैरहवा, नेपालगन्ज र भरतपुरमा पनि पोखराबाट उडान हुँदै आएको छ।

## प्रेस युनियन कास्कीको पत्रकारिता तालिम समापन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**



नेपाल प्रेस युनियन कास्कीले आयोजना गरेको आधारभूत पत्रकारिता तालिम सकिएको छ। बिहीबारदेखि सुरु भएको तालिम शनिबार समापन भएको हो।

समापनका अवसरमा प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो। तालिममा सहभागी ५५ जना प्रशिक्षार्थीहरुलाई गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले प्रमाणपत्र वितरण गरेका थिए। समापनकै अवसरमा नेपाल प्रेस युनियन कास्की शाखाले ३० जना भन्दा बढिलाई नयाँ सदस्यता दिएको छ। कार्यक्रममा मन्त्री श्रेष्ठले पत्रकारिता निष्पक्ष हुनुपर्ने धारणा राखे। पत्रकारिताको नियम र परिधिमा रहेर आफूले सिकेका ज्ञान र सिप प्रयोग गर्न उनको सुझाव थियो। पत्रकारिताको धर्म समाजमा लुकेर रहेको प्रतिभा प्रस्फुटन गर्नु र समस्या उजागर गर्नु भएकोले यसमा ध्यान दिन नयाँ प्रशिक्षार्थीहरुलाई उनको सुझाव थियो। प्रदेशमा सञ्चार विधेयक आएपछि मिडियाका धेरै समस्या समाधान हुने भएकाले सरकार त्यसैमा तल्लिन रहेको उनले जानकारी दिए। उनले पत्रकारिता मिसनको लागि नभई लोकतन्त्रको रक्षाका लागि हुनुपर्ने उल्लेख गरे। नेपाली कांग्रेसका पूर्व जिल्ला सभापती कृष्ण केसीले तालिमपछि पनि प्रशिक्षार्थीहरुलाई पत्रकारिता पेशामा रहन आग्रह गरे। पत्रकार निडर र निपक्षी हुनुपर्ने उनको सुझाव थियो। कुनै पार्टी प्रति आशा छ भन्दैमा त्यो पार्टीले गरेको गल्ती नलुकाई समाचार लेख्न उनको आग्रह थियो। पत्रकारिता गर्दा कुनै समस्या परेमा नेपाली कांग्रेस सधै पत्रकारको पक्षमा रहेको उनको भनाई थियो। नेपाल पत्रकार महासंघ तथा नेपाल प्रेस यूनियनका पूर्व केन्द्रिय उपाध्यक्ष गंगाधर पराजुलीले समयअनुसार चल्न नसक्ने पत्रकार पछि पर्ने धारणा राखे। समय र प्रविधिमा जानकार लिन पछि पर्ने पत्रकार पत्रकारिता क्षेत्रमा सधैं पछि पर्ने उनको भनाई थियो। उनले गण्डकी प्रदेश सरकारले मिडियाका क्षेत्रमा भनेजस्तो का मगर्न नसकेको बताए। देश संघियतामा गईसक्दा पनि अझै सञ्चार मन्त्रालय अन्तर्गत हुने पत्रकार परिचय पत्र र सञ्चार माध्यम नविकरण जस्ता कार्य गर्न काठमाडौं नै धाउनुपर्ने बाध्यता रहेको उनले जनाए। यसका लागि गण्डकी प्रदेश सरकारले छिटो भन्दा छिटो काम गर्नुपर्ने उनको भनाई थियो। पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारीले पत्रकारितामा भित्रिएका नयाँ नयाँ विषयमा पत्रकार जानकार हुनुपर्ने धारणा राखिन्। उनले मिसन पत्रकारिताभन्दा व्यावसायिक पत्रकारितामा जोड दिनुपर्ने बताईन्। प्रशिक्षार्थीहरुलाई अब फिल्डमा काम गरेर देखाउने समय आएको भन्दै काम गर्नै शिलशिलामा आईपर्ने समस्या समाधान गर्न नेपाल पत्रकार महासंघ सधैं साथमा रहने उनको भनाई थियो। नेपाल प्रेस युनियनका अध्यक्ष नविन सिग्देलले नेपाल प्रेस युनियनले पत्रकार उत्पादन गर्ने लक्ष्यसहित सुरु गरेको तालिममा उत्साहपूर्ण सहभागिताका लागि प्रशिक्षार्थीहरुलाई धन्यवाद दिए। उनले प्रशिक्षार्थीहरुलाई तालिममा सिकेको विषय अब व्यावहारमा उतार्न आग्रह गरे।

समापन समारोहमा प्रमुख प्रशिक्षक सन्तोष पोखरेलले पत्रकारिताका महत्वका बारेमा आफ्नो धारणा राखेको थिए। आगामी दिनमा तालिममा सिकेका विषय काममा उतार्ने क्रममा आफ्नो सधैं साथ र सहयोग रहने उनको भनाई थियो। प्रशिक्षार्थीका तर्फबाट सिता परियार र रविरमण अधिकारीले तामिलमा नयाँ नयाँ जानकारी पाएकाले अबका दिनमा पत्रकारिता गर्न सहज हुने धारणा राखे। तालिमको प्रमुख प्रशिक्षकमा सन्तोष पोखरेल रहेका थिए भने रमेश पौडेल, गंगाधर पराजुली, रवीन्द्र बास्तोला, राज बहादुर गुरुङ, सरिता तिमिल्सिना पगेनी, नारायण शर्मा, विमला भण्डारी, बासु मिश्र, भानु पराजुली, बासुदेव पौडेल लगायतले प्रशिक्षण दिएका थिए।

## गण्डकीका मुख्यमन्त्री पोखरेल मधेश प्रदेशको भ्रमणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल सहितको एक टोली जनकपुरधाममा पुगेका छन्।

मधेश प्रदेशको निमन्त्रणामा तीन दीने अवलोकन भ्रमणको लागि गण्डकी प्रदेशका मुख्यमन्त्री पोखरेल, अर्थमन्त्री रामजी प्रसाद बराल जीवन, उद्योग पर्यटन बाणिज्य तथा आपुर्ति मन्त्री मणिभन्द्र शर्मा, प्रदेशका मुख्य सचिव रविलाल पन्थ लगायको १८ सदस्यीय एक टोली मधेशमा पुगेको हो।

शनिबार बिहान पोखरा विमानस्थलदेखि बुद्ध एयरबाट मुख्यमन्त्री पोखरेलको साथमा नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा) गण्डकी प्रदेशका केही पदाधिकारी, पर्यटन व्यवसायीः पत्रकार जनकपुर पुगेसंगै शनिबार मधेश प्रदेशका मुख्यमन्त्री लाल बहादुर राउत सहितको टोलीले स्वागत गरेको थियो। टोलीले शनिबार जयनगरबाट कुर्थासम्म, कुर्थादेखि जनकपुरधामसम्म नेपाली रेल चढेको थियो भने शनिबार साँझ गंगा सागरमा आरती समेत गरेको टोलीमा सहभागि गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले बताए। मधेश प्रदेशले भ्रमण टोलीलाई भव्य रुपमा स्वागत सहित पर्यटकीय स्थलहरुमा अवलोकन गराएको उनले जनाए। उक्त भ्रमणले दुबै प्रदेश बिचको सम्बन्ध सुमधुर हुनुका साथै दुबै प्रदेशको पर्यटन प्रबर्द्धन हुने आफुहरुले विश्वास लिएको मन्त्री बरालले जनाए। बुद्ध एयरले पोखरा देखि जनकपुरसम्म सिधा हवाई उडान गर्नुले दुबै प्रदेशका पर्यटकहरुलाई आउन तथा जान सहज भएको मन्त्री बरालले जनाए।

त्यसै गरी टोलीले आइतबार पर्सा राष्ट्रिय निकुन्ज, गढीमाई लगायतको ठाँउमा अवलोकन भ्रमण गर्ने कार्यक्रम तय भएको बताइएको छ। जनकपुरमा रहेका धार्मिक एवं ऐतिहाँसिक स्थलहरुको भ्रमण, अन्तर्क्रिया एवं छलफल गर्ने कार्यक्रम समेत रहेको छ।


## 'प्रमुख पदमा महिलाले दावी गरौं'

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

स्थानीय तहको निर्वाचनमा महिलाले ५० प्रतिशत पदमा दावी गर्नुपर्ने सरोकारवालाले बताएका छन्। उनीहरुले उपप्रमुख वा उपाध्यक्ष पद मात्र नभनी मुख्य पदमा प्रतिस्पर्धी बन्नुपर्ने धारणासमेत राखेका छन्।

नारी जागरण अभियान गण्डकी प्रदेशले बागलुङ नगरपालिकाको सहकार्यमा शुक्रबार बागलुङमा आयोजना गरेको एक कार्यक्रममा सहभागीले महिलालाई हराउन पुरुषसमेत उम्मेदवार बन्ने गरेको आरोप लगाए। कानूनले दिएको पदमा पनि गठबन्धन वा दुई दलको फरकफरक उम्मेदवार भन्ने नाम पारेर महिला हराउने काम भएको उनीहरुले बताए। 'सम्झौतामा होइन नारीलाई सम्मान गरौं, विभेदको अन्त्य गर्दै समृद्ध समाज निर्माणमा जुटौं' भन्ने नाराका साथ आयोजित प्रवचन कार्यक्रममा सहभागीले आर्थिक सामाजिक र राजनीतिक रुपमा सशक्तीकरण गर्ने कार्यक्रम चाहिएको बताए।

उक्त अवसरमा गण्डकी प्रदेशकी उपसभामुख सिर्जना शर्माले महिलाहरु दोश्रो दर्जाका नागरिकको रुपमा लिइएको बताइन्। 'हामी दोश्रो दर्जाका नागरिक होइनौं, हामी पुरुष सरह काम गर्न सक्ने र पहिलो दर्जाकै नागरिक हौं', उनले भनिन्, 'महिला आन्दोलन अब नेतृत्वमा स्थापित हुनका लागि अगाडि बढ्नुपर्छ।' उनले यसअघि भएका समावेशीका नारा र मुद्दाले सदस्यमा ३३ प्रतिशत पुऱ्याउन मात्रै भएकोसमेत बताइन्। न्याय क्षेत्रमा महिलाको उपस्थिति शुन्य जस्तै रहेको भन्दै कानूनले अनिवार्य भनेको उपप्रमुखमा समेत पुरुष आएर महिला पछि परेको उनले बताइन्। शर्माले अबको निर्वाचनमा महिलामात्रै प्रतिष्पर्धा गर्ने कानून बनाउनुपर्ने धारणा राखिन्। अञ्जु केसीको अध्यक्षता र लक्ष्मी अकिारीको स्वागतमा सम्पन्न कार्यक्रममा संघिय सांसद मनकुमारी केसी, प्रदेश सांसद सावित्रा राना, नेपाल महिला संघकी अध्यक्ष शकुन्तला शर्मा, अन्तरपार्टी महिला संजालकी अध्यक्ष कुशुम बुढा, बागलुङ नगरपालिका वडा नं ३ की अध्यक्ष लक्ष्मी बास्कोटालगायतले बोलेका थिए।



# माछापुच्छ्रेको जितमा विनोदको ह्याट्रिक

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

विनोद नेपालीले ह्याट्रिक गरेपछि माछापुच्छ्रे क्रिकेट क्लबले शनिबारीय टी-२० क्रिकेट लिगमा पहिलो जित दर्ता गर्ने क्रममा कास्की क्रिकेट क्लबलाई ४२ रनले पराजित गरेको छ।

अर्को खेलमा सांग्रिला क्रिकेट क्लबले अरण्यज्योति क्रिकेट क्लबमाथि १२ रनको जित निकाल्दै दुई अंक जोडेको छ। कास्की जिल्ला क्रिकेट संघको आयोजनामा पोखरा रंगशाला क्रिकेट मैदान शनिबार भएको वाईनकिङ टी-२० कास्की जिल्ला क्लबस्तरीय च्याम्पियनसिपमा दोस्रो खेल खेल्ने क्रममा माछापुच्छ्रेले पहिलो जित दर्ता गरेको हो। टस जितेर व्याटिङ गरेको माछापुच्छ्रे क्रिकेट क्लबले मनोज कोइरालाको ४७ रनको पारीमा सात विकेटको क्षतिमा १२७ रनको योगफल तयार पार्‍यो। उनले ३४ बल खेल्दै १० चौकासहित अर्धशतक नजिक पुगेपनि पुरा गर्न भने सकेनन्।

प्रविन ढकालले भने २६ बलमा २० रन जोडे। बलिङ तर्फ भने नितेश गिरीले चार ओभरमा १६ रन खर्चिएर २ विकेट लिदाँ विष्णुप्रसाद शर्माले ३ ओभरमा ३१ रन खर्चिएर २ विकेट लिए। १२८ रनको लक्ष्य पछ्याएको कास्की क्रिकेट क्लब भने ९.२ ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमा अलआउट हुन पुग्यो। विश्वास पराजुलीले २५ बलमा २२ रन बनाई आउट भए। त्यस्तै सोहेल कुँवर भने ३६ बलमा २५ रन बनाई पभेलियन फर्किए। बलिङ तर्फ विनोद नेपालीले ११ औं ओभरमा ह्याट्रिक लिए। उनले ४ ओभरमा १२ रन दिएर ३ विकेट लिदाँ सुवास बास्तोलाले २.२ ओभरमा १ मेडन राख्दै ९ रन दिएर २ विकेट लिए। खेलमा मनोज कोइराला प्लेयर अफ दि म्याच घोषित भए।

दोस्रो खेलमा सांग्रिला क्रिकेट क्लबले अरण्यज्योति क्रिकेट क्लबलाई १२ रनले पराजित गरेको छ। सांग्रिलाको यो पहिलो जित हो। टस जितेर व्याटिङ सांग्रिला क्रिकेट क्लबका सुदिप पौडेलको ३८ रनको योगदानमा १०१ रन चुनौति प्रस्तुत गरेको थियो। पौडेलले ३८ रन बनाउन ३० बल खर्चिए। ५ चौका हिर्काए। त्यस्तै राजु खनालले १७ बल खेल्दै १२ रन बनाए। कप्तान विपिन खत्री भने सस्तैमा आउट भए। अरण्यज्योतिका प्रदीप पौडेलले ३ ओभरमा १२ रन दिएर ३ विकेट लिए। अभिषेक भुजेल, विधान श्रेष्ठ र दिवस गिरीको नाममा एक/एक विकेट लेखियो। अरण्यज्योतिले १०२ रनको लक्ष्य पछ्याउने क्रममा ८९ रनमा अलआउट हुन पुग्यो। प्रविन पौडेलले ५० बल खेल्दै ४४ रनको योगदान दिएपनि जितसम्म डोहोर्‍याउन सकेनन्। एमडी खालिदले ३५ बलमा १७ रन मात्रै जोडे। अन्य व्याटरको योगदान खासै देखिएन्। प्लेयर अफ दि म्याच राजु तामाङले ४ ओभरमा १५ रन दिए ३ विकेट लिए।

त्यस्तै सन्जय शर्माले ४ ओभरमा २७ रन खर्चिएर ३ विकेट लिदाँ कप्तान विपिन खत्रीले ४ ओभरमा १ मेडन राख्दै ३ रन दिएर २ विकेट आफ्नो नाममा लेखाए। प्रतियोगिताको चौथो हप्तामा आईपुगेको लिगलाई व्यवसायिक संस्था वाईनकिङ्गले मुख्य प्रायोजन गर्दै आएको छ।



अलिमियाँ स्मृति फुटवलमा विद्याको सहयोगः तेस्रो लोककवि अलिमियाँ स्मृति खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता चौथो दिन शनिवार पोखरा महानगरपालिका वडा नं १२ निवासी एवं महेन्द्रपुल बाँस्तोलाथर स्थित पाथीभरा सर्जीकल सप्लायर्स कि प्रोपाइटर विद्या अधिकारीले वडा नं १३ स्थित इसुफ दिन मियाँलाइ बैसाखी दिंदै। सामाजिक सेवा भावनाले ओतप्रोत अधिकारीले हाल सम्म २० ह्विल चेयर र ४० जनालाइ वैसाखी प्रदान गरिसकेकी छिन्। ४७ टिम सहभागी भएको खेलमा आजसम्म २४ खेल भइसकेको नेपाल मुस्लिम युवा समितिका अध्यक्ष अब्बास अलि मियाँले पोखरापत्रलाइ वताए।

# महाधिवेशनको छेको पारेर अन्तरक्रियात्मक छलफल कार्यक्रम आयोजना

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

प्रेस चौतारी नेपालको आसन्न नवौं राष्ट्रिय महाधिवेशनको छेको पारेर पोखरामा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न भएको छ।

महाधिवेशन अन्तगर्त प्रचार प्रसार उपसमितिको आयोजनामा शनिबार भएको छलफल कार्यक्रममा पत्रकारका विभिन्न संगठनमा क्रियाशिल कास्कीका अग्रज पत्रकार सहभागी थिए। उनीहरुले महाधिवेशनलाई सफल बनाउन आफ्नो ठाउँबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। आस्था तथा जिम्मेवारीको हिसाबले फरक ठाउँमा भएपनि एजेन्डाको हिसाबले सबै पत्रकार एकैठाउँमा रहेको भनाइ सहभागीको रहेको थियो।



प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारीले पत्रकारले आचारसंहिताको पालना गर्नुपर्ने बताइन्। आचार संहिताको पालना नहुँदा पत्रकारिताको मर्यादा खस्कदै जान थालेकामा उनको चिन्ता थियो। पत्रकार दलिय पक्षधरता तथा व्यक्तिगत पक्षधरता भन्दा माथी उठ्न सक्नुपर्नेमा उनको जोड थियो। नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता तिम्सिना पंगेनीले महाधिवेशनलाई सफल पार्न आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताए। आस्थाको हिसाबले फरक ठाउँमा रहेपनि सहयोग गर्न तयार रहेको उनको भनाई थियो।

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले चौतारीको राष्ट्रिय महाधिवेशनले ठोस सन्देश दिन सक्नुपर्ने बताए। संघियता कार्यान्वयन गराउन प्रदेशलाई बलियो बनाउनुपर्ने तर्क उनले गरे। नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका सचिव यदुनाथ बन्जराले पत्रकारको कलम सधैं प्रतिपक्षमा चल्नुपर्ने बताए। पत्रकारका समस्या एकजुट भएर समाधान गनुपर्ने भनाई उनको थियो। नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले महाधिवेशनमा सहयोग गर्न पत्रकार महासंघ कास्की शाखा तयार रहेको बताइन्। नेपाल प्रेस युनियनका केन्द्रिय उपाध्यक्ष रमेश पौडेलले पत्रकारका एजेण्डामा सबै एकैठाउँमा उभिनुपर्ने बताए। पोखरेली पत्रकारमा आत्मियता तथा संस्कार छ भन्ने कुरा देशैभरका पत्रकार माझ झल्काउनुपर्ने उनले सुनाए। न्युनतम पारिश्रमीक निर्धारण समितिका पूर्व अध्यक्ष तथा प्रेस युनियनका पूर्व केन्द्रिय उपाध्यक्ष गंगाधर पराजुलीले प्रेस चौतारीको पोखरामा हुने महाधिवेशन आम पत्रकारको महाधिवेशन भएको बताए। महाधिवेशनमा पत्रकारका एजेन्डाले स्थान पाउनुपर्नेमा उनको जोड थियो। प्रेस सेन्टर नेपालका केन्द्रीय नेता माधव पनेरुले पत्रकारिता क्षेत्रलाई अब कसरी अगाडि बढाउने भन्नेमा बहस हुन जरुरी रहेको बताए।

नवौं महाधिवेशनबाट सक्षम र सवल नेतृत्व चयन गर्न सकोस् भन्ने शुभकामना उनले दिए। नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष राम प्रसाद तिमिल्सिनाले महाधिवेशनमा पत्रकारिताका नीतिगत विषयमा छलफल हुनुपर्नेमा जोड दिए। पत्रकारिता क्षेत्रमा देखिएका विकृती विसंगतीको अन्त्य गर्दै पत्रकारिता क्षेत्रलाई मर्यादित बनाउन तर्फ ध्यान दिनुपर्ने उनले बताए। फोनिजका पूर्व अध्यक्ष हुम तमुले पत्रकार पार्टी राजनीति भन्दा माथी उठ्न सक्नुपर्ने बताए। प्रेस चौतारीले सबैलाई समन्वय गर्दै अगाडि बढ्नुपर्ने बताए। महाधिवेशनबाट आउने नेतृत्वमा समेत पोखराले दावी गर्नुपर्नेमा उनको जोड थियो।

प्रेस सेन्टर पोखरा महानगर कमिटीको अध्यक्ष शिवराज बस्ताकोटी शिवदाईले सबै मिलेर महाधिवेशन सफल पार्नुपर्ने बताए। यसको लागि साथ दिन तयार रहेको उनले सुनाए। प्रेस चौतारी नेपालको आसन्न नवौं राष्ट्रिय महाधिवेशन अर्न्तगत प्रचार प्रसार उपसमितिका संयोजक रञ्जन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा, प्रेस चौतारी नेपाल गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष सुष्मा पौडेल, प्रेस चौतारी नेपाल कास्की शाखाका संस्थापक अध्यक्ष पुण्य पौडेल, कास्की शाखाका हालका अध्यक्ष अर्जुन गिरी र सहसचिव इश्वर देवकोटाले पनि बोलेका थिए। २०५५ साल मंसिरमा स्थापना भएको प्रेस चौतारी नेपालको नवौं राष्ट्रिय महाधिवेशन समेत फागुन २७ र २८ गते पोखरामा हुँदैछ। विभिन्न उपसमितिको क्रियाशिलता कारण राष्ट्रिय महाधिवेशनको रौनक पोखरामा बढ्न थालेको छ। राष्ट्रिय महाधिवेशनको उद्घाटन फागुन २७ गते नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुहुनेछ। महाधिवेशनमा देशभरका झण्डै १ हजार २ सय पत्रकारको सहभागीता रहने आयोजकको भनाई छ।

# विजय ढकाल सहिद स्मृति प्रतिष्ठानमा मिश्रको नेतृत्व

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

विजय ढकाल सहिद स्मृति प्रतिष्ठानको नेतृत्व महादेव मिश्रले सम्हालेका छन्।

प्रतिष्ठानको शनिबार पोखराको सहिदपार्कस्थित घनश्याम ढकाल स्मृति कक्ष सभाहलमा सम्पन्न छैटौं अधिवेशनले मिश्रको नेत्वत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको हो। प्रतिष्ठानको उपाध्यक्षमा कल्पना चिलुवाल, महासचिवमा श्रीकृष्ण अधिकारी, सचिवमा किरण श्रेष्ठ र कोषाध्यक्षमा सिर्जना ढकाल छन्। त्यस्तै, सदस्यहरुमा निर्मला न्यौपाने, राधा सापकोटा, राजु क्षत्री, राजेन्द्रमणि पौडेल, सुरज उपाध्याय र शालिकराम देवकोटा छन्। निवर्तमान अध्यक्ष राजेन्द्र पौडेलको संयोजकत्वमा बनेको अध्यक्ष मण्डलले नयाँ कार्यसमितिको सर्वसम्मत चयन गरेको हो। प्रतिष्ठानका सल्लाहकार रामराज रेग्मी र संरक्षक विश्वप्रकाश लामिछाने अध्यक्ष मण्डलमा थिए।

कार्यक्रममा बोल्दै सल्लाहकार रामराज रेग्मीले सहिद विजय ढकाल नेपाली क्रान्ति र परिवर्तनसँग जोडिएको नाम रहेको उल्लेख गरे। उनले विजय ढकाल एक सच्चा क्रान्तिकारी भएको औल्याए। सहिदहरुको बलिदानीबाट बनेको राजनीतिक पार्टीका नेतृत्व तहबाट सहिद, बेपत्ता, घाइते, अपाङ्गहरुको बलिदानीलाई अबमुल्यन भएको उनको भनाई थियो। उनले भने, 'देशको आमूल परिवर्तन तथा राष्ट्रिय स्वाधीनताका पक्षमा र साम्राज्यवाद तथा विस्तारवाद नीतिका विरोधमा क्रान्ति हुन्छ। क्रान्ति मर्दैन। मर्न दिनु पनि हुँदैन। क्रान्ति एकले नगरे अर्कोले गर्छ। प्रतिष्ठानका संरक्षक विश्वप्रकाश लामिछानेले सहिदको सपना र भावनालाई समातेर हिँड्नुपर्नेमा जोड दिए। सहिदहरुको सपना र भावनालाई समाजका स्थापित गराउन आग्रह गरे। 'विजय ढकाल समाजका लागि एक सच्चा क्रान्तिकारी थिए। समाजमा क्रान्ति, प्रतिक्रान्तिकारी चलिरहन्छ। हाल, क्रान्ति होइन, प्रतिक्रान्ति चलेको छ। क्रान्ति उत्कर्षमा पुग्दा उन्मादमा र क्रान्ति ओझेलमा पर्दा निराशामा बन्ने त्यो व्यक्ति क्रान्तिकारी हुन सक्दैन,' लामिछानेको भनाई थियो।

निवर्तमान राजेन्द्र पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिष्ठानकी सदस्य कल्पना चिलुवालले स्वागत मन्तव्य, महासचिव भीम रानाभाटले प्रगति प्रतिवेदन र कोषाध्यक्ष माधवप्रसाद मिश्रले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। सहिद विजय ढकाललाई संपूर्ण सहिदहरुको प्रतिनिधि पात्र मानेर सहिदको सम्मान एवं उनीहरुको त्याग र बलिदानलाई समाजमा स्थापित गराउने उद्देश्यले २०६३ मा प्रतिष्ठानको स्थापना गरिएको हो।


**मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेह जस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# लुटेरासंग सरकारी मौनता

सरकारले पेट्रोलियम पदार्थको मूल्य बढाउँदै जाने श्रृङ्खला कायम छ। पेट्रोलियम पदार्थको मूल्य बढाउने बित्तिकै हवाई भाडा बढेको छ । पेट्रोलको मूल्य प्रति लिटर १५० रुपैयाँ पुगेको छ । डिजेल र मट्टीतेल प्रतिलिटर १३३ रुपैयाँ पुऱ्याउँदा पनि आयल निगमलाई घाटा रहेको विवरण दिने गरिएको छ । खाना पकाउने एलपी ग्यासको मूल्य प्रति सिलिन्डर १०० रुपैयाँ बढेको छ । पेट्रोलियम पदार्थको मूल्य बढेसंगै पेट्रोल पम्पमा गाडीको लाइन छ। सरकारले जनताको ढाड सेक्ने गरि मूल्य बढ्दा पनि राजनीतिक दलले किन बढाइयो भनेर सोध्ने खाँचो देखेका छैनन् । नेपालमा पेट्रोल पदार्थको मुल्य शृ॰ लामा सबैभन्दा बढी अनुचित फाइदा लिने पहिलो पेट्रोल पम्प मालिक देखिएका छन । दोस्रो ढुवानीकर्ता, तेस्रो सरकारि कर, चौथो आयल निगमको अनुचित खर्च हुने गरेको छ । अरु देशमा लागतको आधारमा कमिसन खर्च निर्धारण हुनेगर्छ तर नेपालमा भने प्रतिशतमा निर्धारण हुने गरेको छ। पेट्रोल पम्पले उपभोक्तालाई १ लिटर पेट्रोल बेचे बापत ६ रुपैया पाउछ, त्यो माथि बिमा, प्राविधिक चुहावट र प्रशासनिक खर्च थप पाउने गर्छ ।

अझै उपभोक्तालाई पुरा पेट्रोल डिजेल नदिएर लूट गरि उठाउने प्रतिलिटर थप १०% रकमको त हिसाब नै छैन । प्रायः सबै पेट्रोल पम्पहरु ठेक्कामा चलेका छन, । ठेक्कामा चलेको सबैको एउटा मात्रै ध्याउन्न कसरी उपभोक्तालाई कम तेल दिएर बढी लूट गर्ने हुने गर्छ। अहिले त मुल्य बढन लागेको ४/५ दिन अघि देखि मन्त्रालय हेर्ने नेता, पिए र निगम अधिकारीसग साठगाठ गरि मुल्य बढन लागेको बखत बढी तेल ल्याएर पम्प डम्प गर्ने बढी नाफा आएको रकम ति ब्यक्तिलाई बुझाउने मुख्य खेतीपाति हुने गरेको छ । देशभर सरदर २०० जना ब्यक्तिहरुको सधैं बेलगाम हालिमुहालि चलिरहेको यस्तो तेलको गोरखधन्दा माथि उचित नियमन कहिल्यै भएको छैन । यस्सो नियमन गर्न खोजियो कि भने जस्तो हुन्छ ऊनीहरु लौ हडताल गर्छौं तेल उठाउदैनौ भन्ने बितिक्कै ऊनीहरुले जे भन्यो त्यहीँ हुने गरेको छ । सरकार पेट्रोल पम्प मालिक, ढुवानी व्यवसायीसंग झुकेको छ। त्यसको मार उपभोक्ताले खेप्नुपरेको छ। यो गोरखधन्दाको नियन्त्रण गर्न राज्य चुक्दै आएको छ। पेट्रोलपम्प भएको ब्यक्तिहरु उपर सम्पत्ति शुद्धीकरण कानुन प्रयोग गरेर छानबिन थालिने हो भने पेट्रोल ब्यापारको नाउँमा राज्य र उपभोक्ता उपर कति लुट भएको छ स्पष्ट देखिन्छ।

गठबन्धन सरकारले चुनाव खर्च जुटाउन पनि पेट्रोलियम पदार्थको मूल्य बढाउँदै जाने त होइन भन्ने प्रश्न खडा भएको छ । नेपाल आयल निगमबाट सरकारले विभिन्न कर लगाएर मूल्य बढाउने काम गरेको छ। नेपाल आयल निगम घाटामा जाने बित्तिकै अन्य सुधारका काम नगरीकन मूल्य बढाउन हतार गरिन्छ। आयल निगम घाटामा जाने वितिक्कै नेपाली जनतालाई बोझ थोपर्ने काम हुँदै आएको छ । गठबन्धन सरकारले पेट्रोलियम पदार्थको मूल्य बृद्धीमा रेकर्ड कायम राखेको छ। अझै बढाउँदै जाने बाटोमा गठबन्धन सरकार पुगेको छ। भारतीय आयल कर्पोरेशनलेनै नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची पठाएको भन्दै मूल्य बढाउने गरिएको छ। प्रत्येक महिनाको १ र १५ तारिखमा पठाउने कर्पोरेशनले नयाँ मूल्यसूची पठाएको बताइएको छ । सरकारले जानेको मूल्य बढाउने मात्र हो । अन्य विकल्प के हुन सक्छ र त्यसका लागि कस्तो नीति लिनुपर्छ भनेर चिन्तन भएको छैन । नेपाल आयल निगमलाई चुस्त राख्न अनावश्यक कर्मचारी कटौती, मन्त्री र नेताको भनसुनमा जागिर खाएकालाई हटाउनुपर्छ।

पेट्रोल पम्प मालिकको लुटमा टुलुटुलु हेर्ने, ढुवानी व्यवसायीको अनुचित साँठगाँठ, विभित्र शिर्षक राखेर कर संकलन गर्ने,चुहावट नियन्त्रण नगर्ने हो भने निगम कहिल्यै सुधार हुँदैन । पेट्रोलियम पदार्थ बेच्ने एकाधिकार पाएको निगम घाटामा जानू अनियमितता र बेथिति हो । अनियमितता रोक्न सरकारले कहिल्यै चासो नदिने उल्टै कार्यकर्ता भर्तिसना केन्द्र बनाउने,कर्मचारीले सुविधा थप्दै जाँदा त्यसको बोझ जनताको टाउकोमा पर्न गएको छाजनतालाई बोझ बोकाएर निगमको घाटा कम हुन्छ भन्ने एकनासे तर्कले मूल्य बढाउने निर्णयको औचित्य पुष्प हुँदैन । सरकार विकल्पहिन तरिकाले चल्नु हुँदैन । जनतालाई मार नथप्ने गरि विकल्पको बाटो खोज्नु आवश्यक छ।

# अखिल नेपाल सरकारी अस्थायी करार तथा ज्यालादारी कर्मचारी श्रमिक संघ कास्कीको अध्यक्षमा लामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

अखिल नेपाल सरकारी अस्थायी करार तथा ज्यालादारी कर्मचारी श्रमिक संघ कास्कीको अध्यक्षमा सरोज लामा सर्वसम्मत रुपमा चयन भएका छन । शनिवार आयोजित संघको प्रथम भेलाले कास्कीको अध्यक्षमा सरोज लामा सहित ११ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

जस अन्तर्गत संघको उपाध्यक्षमा भरत बहादुर सुवेदी, सचिवमा सविता कुमारी शर्मा र कोषाध्यक्षमा सीता अधिकारी चयन भएका छन । त्यसैगरी सदस्यहरुमा जीवन तिवारी, शिव पाण्डे, वैकुण्ठ भण्डारी, बिकास भुजेल, मन बहादुर धामी र मञ्जु गौतमलाई चयन गरिएको छभने दुई जना सदस्य पछि मनोनित गरिने संघले जनाएको छ । उक्त कार्यक्रममा अखिल नेपाल सरकारी अस्थायी करार तथा ज्यालादारी कर्मचारी श्रमिक संघका केन्द्रीय अध्यक्ष विमला आचार्य, केन्द्रीय उपाध्यक्ष रीता भट्ट, गण्डकी प्रदेश इन्चार्ज दिल कृष्ण नेपाली, केन्द्रीय सदस्य नविन पुजारी, गण्डकी प्रदेश सह इन्चार्ज गुण्डा श्रेष्ठ (मिन), गण्डकी प्रदेश अध्यक्ष हरि पौडेल, गण्डकी प्रदेश उपाध्यक्ष पदम बहादुर बस्नेत, प्रदेश सचिव बलराम आचार्य लगायतको उपस्थिती रहेको थियो ।

# हिमहिरोमा १५ चौरी मरे

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २१ फागुन**

मुस्ताङको थासाङ गाउँपालिकास्थित मानापाथी हिमालबाट खसेको हिमपहिरोमा परेर शनिबार १५ वटा चौरी मरेका छन् ।

छिप्लुङ खर्कमा खसेको हिमपहिरोमा थासाङ गाउँपालिका-२ कोवाङकी सुशीला गौचन र नरप्रसाद गौचनको संयुक्त गोठमा रहेका १५ वटा चौरी मरेका हुन् । शनिबार बिहानको हिमपहिरोमा परेर थप १० वटा चौरी हराएका कृषक गौचनले बताउनुभयो । “चौरी बास बसेको खर्कमा बिहान ३ बजे हिउँपहिरो खसेको थियो”, उहाँले भन्नुभयो, “हिउँले पुरिएर चौरी मरेका हुन् ।” चौरी खर्कमा राखेर गोठाला कोवाङ झरेका थिए । बिहान गोठाला जाँदा चौरी मरेका भेटिएपछि खबर गरेका थिए । प्रहरी, कृषक र पशु सेवा प्राविधिकको टोलीले क्षतिको विवरण सङ्कलनका लागि घटनास्थलतर्फ गएका छन् । हिउँदमा जाडो छल्न बेशी झरेका चौरी गोठ गर्मी बढेपछि लेकतर्फ उकालिएको थियो । मानापाथी हिमालको फेदीमा रहेको छिप्लिङ, हेपिम, हुम्लुङ, पङ्के, ह्याङ्लिङ, सरेका खर्कमा हिमपहिरो खस्ने गर्छ । गत कात्तिक २९ गते पनि मानापाथी हिमालबाट हिमपहिरो खसेको थियो । मुस्लोसहित हिउँ पहिरो खसेपछि भाग्ने क्रममा कोवाङका अमरसिंह माविका नौ शिक्षक विद्यार्थी घाइते भएका थिए। नाउरीकोटका सकेन्द्र गौचन र भीम थकालीका २१ वटा याक र नाक मरेका थिए।

# पर्वतमा मतदाता विवरण अद्यावधिक सुरु

**पोखरापत्र संवाददाता**
**पर्वत, २१ फागुन**

स्थानीय तहको निर्वाचनको तयारीका क्रममा पर्वतमा मतदाता विवरण अद्यावधिक गर्ने काम सुरु भएको छ।

निर्वाचन आयोगले सार्वजनिक गरेको मतदाता नामावलीमा कुनै त्रुटि भए सच्याउनका लागि निर्वाचन कार्यालयले आह्वान गरेसँगै शुक्रबारदेखि त्रुटि सच्याउन सुरु भएको छ। निर्वाचन आयोगको वेबसाइट वा आफ्नो वडा कार्यालयमा पुगेर मतदाता नामावलीको विवरण अध्ययन गरी अद्यावधिक गर्न कार्यालयले अनुरोध गरेको थियो । जिल्ला निर्वाचन अधिकारी लक्ष्मु शर्माले आयोगको वेबसाइटमा राखिएको विवरण प्रत्येक वडा कार्यालयमा प्रिन्ट गरेर पठाइएकाले आफ्नो विवरण हेरेर सच्याउनुपर्ने भएमा वडाको सिफारिससहित निर्वाचन कार्यालयमा आउन अनुरोध गर्नुभयो । एक हप्ताको अवधिमा विवरण सच्याउन नआउनेले पछि विवरण सच्याउने मौका नपाउने उहाँको भनाइ थियो । राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, सरकारी कार्यालयका प्रमुख, सुरक्षा निकाय, पत्रकारलगायतको सहभागितामा निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक र कार्यालयको निर्वाचन लक्षित तयारीका बारेमा शुक्रबार एक कार्यक्रम गरेर जानकारी दिएको थियो । जिल्ला निर्वाचन कार्यालयका अनुसार जिल्लामा एक लाख २३ हजार १८५ मतदाताको विवरण सार्वजनिक भएको छ।

# सिभिल ईन्जिनियरिङ् पढ्न कुश्मा थापालाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**



आर्थिक अभावका कारण विद्यालयको शुल्क बुझाउन नसकेका कारण परीक्षा दिनबाट बञ्चित एक छात्राले परीक्षा दिन पाउने भएकी छिन् ।

स्याङ्जाको त्रिभुवन आदर्श नमुना माविमा प्राबिधिक धार तर्फ सिभिज ईन्जिनियरिङ् पढिरहेकी कुश्माले सेमेष्टर फि बुझाउन नसकेकै कारण दोस्रो सेमेष्टरको परीक्षाबाट बञ्चित भएकी थिईन् । यो खबर थाहा पाएपछि वेलायत स्थित स्याङ्जा समाजको पहलमा उनलाई सहयोग भएको हो । समाजकी अध्यक्ष शारदा गुरुङ्गो अग्रसरतामा उनलाई ४८ हजार रुपैंया संकलन गरेर हस्तान्तरण गरिएको थियो ।

सानैदेखि मेधावी छात्राको परिचय बनाएकी मगर स्कुलका हरेक परीक्षामा प्रथम हुने गर्थिन् । परिवारको आर्थिक अवस्था कमजोर भएका कारण उनले चाहेजस्तो शिक्षा लिन पाएकी थिईनन् । उनले ईन्जिनियरिङ् पढ्न पनि वेलायतमा बस्ने स्याङ्जालीहरुको सहयोग पाएकी थिईन् । सातसय कोल्मा बहाकोट सम्पर्क मञ्चका वरिष्ठ उपाध्यक्ष विष्णु गुरुङको रु. २० हजारको सहयोगमा उनी त्रिभुवन आदर्श नमूना माध्यमिक विद्यालयमा भर्ना भएकी थिईन् । उनले स्याङ्जाको भारती माध्यमिक विद्यालय काल्खुबाट एसईई गरेकी कुश्माको परिवारले मजदुरीबाट जिविकोपार्जन गर्दै आएको छ । चाहेको शिक्षा लिनको लागि आर्थिक अभाव भएपछि छिमेकीले सहयोग जुटाउन पहल गरेका थिए । सो पहल स्वरुप वेलायत निवासी खुमा थापा, कृष्णकुमारी थापा र लक्ष्मी थापाले उनलाई अध्ययनको लागि रकम सहयोग गरेका थिए। दोस्रो सेमेष्टरको शुल्कको समस्या समाधान भएपनि उनले डिप्लोमा ईन सिभिल ईन्जिनियरिङको पढाई पुरा गर्न अझै चार सेमेष्टर बाकी छ । यसका लागि अब कसरी सहयोग जुटाउने भन्ने समस्या रहेको उनले सुनाईन् । ‘आर्थिक अभावका कारण मन फुक्ने गरी पढ्न पनि नपाउने कस्तो नियति हो यो ?’ उनले भनिन् ।

# व्याख्यात्मक घोषणाले एमसिसीको भ्रम हटाएको छ : श्रममन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**दमौली, २१ फागुन**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले १२ बुँदे व्याख्यात्मक घोषणाले एमसिसीको भ्रम हटेको बताउनुभएको छ।

तनहुँको भानु नगरपालिका-३ तुरतुरेमा शनिबार आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले एमसिसीका बारेमा जनतामाझ रहेको भ्रम व्याख्यात्मक घोषणाले हटाएको बताउनुभयो । यथास्थितिमा एमसिसी संसद्बाट पारित गर्न नहुने पक्षमा नेकपा (एकीकृत समाजवादी) रहे पनि व्याख्यात्मक घोषणासहित पारित भएको विषयलाई अमेरिकाले पनि स्वीकार गरिसकेको बताउनुभयो । विकासका लागि एमसिसी आवश्यक रहेको भन्दै श्रेष्ठले भन्नुभयो, “यो नेपालको हितमा छ, नेपालको विकासमा यसको समुचित प्रयोग गर्नुपर्छ ।”

जनताको सेवा र विकासका लागि नेकपा (एकीकृत समाजवादी) सदैव प्रतिबद्ध रहेको भन्दै श्रेष्ठले विकासको नेतृत्व आफ्नो पार्टीले गर्ने धारणा व्यक्त गर्नुभयो। “हामीले राजनीति गरेको जनताका लागि हो, विकासका लागि हो, त्यसका लागि हामी सधैं क्रियाशील रहन्छौं”, उहाँले भन्नुभयो। जिल्लाको विकासका लागि आफू अहोरात्र खटिए पनि केही विरोधीले आफ्नो नामसमेत लिन नचाहेको भन्दै श्रेष्ठले भन्नुभयो, “विकास सबैका लागि हो, मैले गरेको कामको जस मलाई नदिए पनि म सन्तुष्ट नै हुन्छु।”

मन्त्री श्रेष्ठले एमसिसीका विषयमा एमालेले दोहोरो भूमिका देखाएको आरोप लगाउनुभयो । “एमसिसी गलत छ भनेर विपक्षमा मत दिएको भए पनि हुन्थ्यो, तर एमालेले कुनै भूमिका निभाएन”, मन्त्री श्रेष्ठले भन्नुभयो।


USAID
FROM THE AMERICAN PEOPLE

PRIVATE SECTOR INNOVATION CHALLENGE
Engaging Private Sector for Disaster Resilience in Nepal

के तपाईसँग विपद् व्यवस्थापनमा मद्दत पुग्न सक्ने कुनै नवीन सोच /व्यवसाय छ?

तयार नेपालद्धारा आयोजना हुन लागेको Private Sector Innovation Challenge (PSIC) एक विपद् व्यवस्थापनमा सकारात्मक प्रभाव पार्ने नवीन र दिगो समाधानहरूको खोजीमा निजी क्षेत्रलाई संलग्न गराउने एउटा परियोजना हो।




१० नवीन विचारहरू र हालै संचालित भैरहेको व्यवसायहरूलाई तालिम शिविरको लागि छनोट गरिनेछ जहाँ व्यवसायलाई सफल बनाउन आवश्यक सीप र परामर्श दिईनेछ ।

प्राप्त हुने अवसरहरू

व्यवसाय प्रशिक्षण | वित्तीय लगानीको अवसर | बजार प्रवर्धन | विशेषज्ञ द्वारा परामर्श

आजै आवेदन दिनुहोस्

www.medium.com/@drrmpsic वा ९८४३७४३३०४ मा <PSIC> एस् एम एस् पठाउनुहोस्

आवेदन दिने अन्तिम मिति
मार्च २१, २०२२ । चैत्र ७, २०७८

थप जानकारीको लागि
९८४३७४३३०४ drrmpsic@gmail.com /DRRMPSICNepal @DRRMPSIC


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : मन चञ्चल | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सफल सहकारीको पोखरा वृद्धाश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**



विपन्न, असहाय एवम् अपहेलीत समाजका जेष्ठनागरिकको सहारा बन्दै आएको पोखरा बृद्धाश्रमलाई सफल बचत तथा ऋण सहकारी संस्था पोखरा १७ ले आर्थिक सहयोग गरेको छ।

संस्थाको १५ औं स्थापना दिवसको अवसरमा आज बृद्धाश्रम परिसरमा आयोजित एक समारोहका बीच २० हजार १५५ रुपैया आश्रमको सहयोगार्थ आर्थिक सहयोग गरेको हो । सामाजिक उत्तरदायित्व अन्तर्गत सहकारीका अध्यक्ष बासुदेव पौडेलले उक्त रकम बराबरको चोक आश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीलाई हस्तान्तरण गर्नुभयो।

कार्यक्रममा कास्की जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी एवम् सफल सहकारीका संस्थापक अध्यक्ष अनिल शाहीले संस्थाले आश्रममा आश्रित जेष्ठनागरिकको सहयोगार्थ आर्थिक सहयोग सामाजिक उत्तरदायित्व पुरा गरेको उल्लेख गर्नुभयो। वृद्धाश्रममा रहेका कतिपय जेष्ठनागरिकको नेपाली नागरिकताको प्रमाणपत्र समेत नभएको सुन्दा आफुलाई दुःख लागेको बताउँदै उहाँले त्यसका लागि आवश्यक कानूनी प्रकृया मिलाएर नागरिकता प्रदान गर्न आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । बृद्धाश्रमका अध्यक्ष कुशुमकेशव अधिकारीका अनुसार सो संस्थामा हाल ७ जना आमाबुवाको नागरिकता नहुँदा राज्यले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ताबाट समेत बञ्चित रहेको जानकारी गराउनुभयो।

बिभिन्न संघसंस्था एवम् व्यक्तिहरुको सहयोगले नै आश्रम सञ्चालन भएको उल्लेख गर्दै उहाँले आगामी दिनमा आश्रममा आश्रित जेष्ठनागरिकलाई उत्पादनसंग जोडने खालको योजना अघि सारेको बताउनुभयो। आश्रममा हाल ५५ जना बृद्धबृद्धा तथा सेवकसेवीका रहनु भएको छ । कार्यक्रममा संस्थाका उपाध्यक्ष पबित्रा जिसीले यसअघि नेपाल रेडक्रम सोसाईटीको कास्की शाखाद्धारा निर्माणाधीन रेडक्रस भवनको लागि २५ हजार तथा मानवसेवा आश्रम छोरेपाटनलाई एक छाक खाना बरावर १७ हजार ५०० रुपैया आर्थिक सहयोग गरेको स्मरण गराउनुभयो।

सो अवसरमा सहकारीका सञ्चालक समिति, सल्लाहकार, बिभिन्न उपसमितिका संयोजकहरु, वृद्धाश्रम व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु, आश्रित आमाबुबाहरुको सहभागिता रहेको सहकारीका सचिव गणेश श्रेष्ठले जानकारी दिनुभयो।

सहकारी संस्थामा हाल ५०० भन्दा बढी शेयर सदस्यले आठ करोड भन्दा बढीको कारोवार गर्दै आएका छन्।

# ताराकुञ्जमा १८ औ पर्वतीय मिनी म्याराथन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**




रजत वर्षको अवसरमा पोखरा महानगरपालिका वडा नं १३ स्थित ताराकुञ्ज सेकेन्डरी स्कूलको आयोजनामा १८ औं पर्वतीय मिनी म्याराथन शनिवार सम्पन्न भयो।

म्याराथन अन्तर विद्यालय स्तरीय सँगै विद्यालय भित्रकै विद्यार्थीहरु विच प्रतियोगिता सम्पन्न भएको हो। प्रतियोगितामा छात्र तर्फ भद्रकाली माविका बसन्त विक प्रथम, ताराकुञ्ज सेकेन्डरी स्कूलका नवीन क्षत्री द्धित्तिय, भद्रकाली माविकै गंगा गुरुङ तृत्तिय, तारकुञ्ज सेकेन्डरी स्कूलका रचित कार्की र अक्सफोर्ड स्कूलका सफल गुरुङ चौथो स्थान प्राप्त गरे। त्यसैगरी छात्रा तर्फ भद्रकाली माविका बालकुमारी विक प्रथम, रतन पाण्डे माविका संस्कृति लामिछाने द्धित्तिय, तारकुञ्ज सेकेन्डरी स्कूलकी भावना रानाभाट तृत्तिय, भद्रकाली माविका जेयुसा गुरुङ र रिया तामाङ चौथा भएका छन्। खेलकुद विकास समिति गण्डकी प्रदेशका निर्देशक कृष्ण तिमिल्सिनाले कार्यक्रमको उद्घाटन गर्दै स्वास्थ्यका लागि दौड अति आवश्यक रहेको भन्दै विद्यार्थीहरुलाइ चौतर्फी विकास गर्न खेलकुद अनिवार्य रहेको चर्चा गरे। विद्यालयका संस्थापक एवं संरक्षक गणेश तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्राचार्य गोविन्द गौतम, निर्णायक शंकर शाह ,र विद्यालयका निर्देशक विष्णु तिमिल्सिना लगायतले वोलेको कार्यक्रम संयोजक नरेश तिमिल्सिनाले पोखरापत्रलाइ वताए।

# ड्राइभिङ स्कुल संघ तनहुँमा नवराज

**पोखरापत्र संवाददाता**
**तनहुँ, २१ फागुन**

तनहुँ जिल्लाका विभिन्न स्थानमा रहेका ड्राइभिङ स्कुल व्यवसायी संगठित भएका छन् । तनहुँका ड्राइभिङ स्कुल व्यवसायीको शनिबार भएको भेलाले नवराज तिवारीको अध्यक्षतामा सर्वसम्मत जिल्ला समिति चुनेको छ।

ड्राइभिङ स्कुल संघ गण्डकी अध्यक्ष वसन्त भट्टचनले व्यवसायीको सुझाव अनुसारको नयाँ कार्यसमिति भेलामा प्रस्तुत गरेका थिए । भेलाले उनको प्रस्तावलाई अनुमोदन गरेको हो। शाखा अध्यक्ष तिवारी ड्राइभिङ स्कुल संघ नेपाल गण्डकी प्रदेशका कोषाध्यक्षसमेत हुन् । उनले जिल्लाका व्यवसायीको सल्लाह, सुझाव, केन्द्र र प्रदेशको मार्गनिर्देशनमा शाखालाई व्यवसायीको हितमा लगाउने प्रतिवद्धता गरेका छन्।

शाखाको उपाध्यक्षमा सूर्यप्रसाद पौडेल, सचिव विवेक बानियाँ, कोषाध्यक्ष सुदीप कुमाल, सहसचिव मनध्वज राना छन् । यस्तै, सदस्यमा नारायण केसी, क्रान्तिबहादुर थापा, अनिल राना र ओमप्रकाश बास्तोला निर्वाचित भएका छन्।

कार्यक्रममा ड्राइभिङ स्कुल संघ नेपालका केन्द्रीय महासचिव उमेश सिकेले अनेक समस्यालाई चिर्दै ड्राइभिङ स्कुल संघ नेपाल व्यवसायीको हितमा तल्लीन रहेको बताए । उनले संगठन विस्तारमा जोड दिँदै सामूहिकताको भावनाले काम गर्न आग्रह गरे । महासचिव सिकेले भने, ‘जग्गाको समस्या छ, रेटमा एकरुपता छैन, हामी आफैं पनि व्यवसायिक बन्न बाँकी छ।

नागरिकलाई रोजगारी दिने, सीप सिकाउने र राज्यलाई टेवा दिने काम हामी गरिरहेका छौं।’ संघका गण्डकी प्रदेश अध्यक्ष भट्टचनले तनहुँमा जिल्ला शाखा बन्नु ऐतिहासिक भएको बताए । उनले स्थानीय संघ, संस्था, प्रशासन, स्थानीय सरकारदेखि प्रदेश र संघको केन्द्रीय समितिसँग सहकार्य गरी काम गर्न आग्रह गरे।

# सजिलो सहकारीको उत्प्रेरणा तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**



सजिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा १९, लामाचौरको आयोजनामा संस्थाको कार्यसमिती, कर्मचारी तथा विभिन्न उप समितिहरुका लागि एक दिने उत्प्रेरणा तालिम लेकसाइड स्थित होटेल शारामा समापन भएको छ।

उ त्त र अवसरमा सहकारीले २०७९ सालको भितेपात्रोको अनावरण साथै मोबाइल एप्स शूभारम्भ कार्यक्रमको समेत आयोजना गरेको थियो। कार्यक्रममा प्रमूख अतिथि पोखरा महानगरपालिका सहकारी व्यवस्थापन समितीका अध्यक्ष श्री तेज नारायण अधिकारी, विशेष अतिथिद्धय संस्थाका संस्थापक अध्यक्ष रविमान सिंह भण्डारी, नव आदर्शसामुदायिकबिकाससमाजका अध्यक्ष रेश्मा शेरचन अधिकारीको बिशेष आतिथ्यता रहेको थियो, उप्प्रेरणा तालिमको लागिका काठमाडौबाट मोटिभेसनल स्पिकर, कर्पोरेट एक्सर्पट तथा लाइफकोच रविन कटुवाल ले करिब ४ घण्टा आफ्नो प्रस्तूति सहित उत्प्रेरणाको वर्कसपको समेत सञ्चालन गरि उपस्थित व्यक्तिहरु लाई सहकारी लगायत पेशा प्रतिको लगाव विषयमा आफ्नो भनाइ प्रस्तुत गर्नुभएको थियो । सल्लाहकारको तर्फवाट गिरिधारी शर्माले शूभकामना मन्तव्य प्रस्तूत गरेको कार्यक्रममा बिशेष अतिथिद्धयले सहकारी बाट सम्पादित कार्यहरु गूणस्तर रहेको र आगामि दिनहरुमा पनि सहकारीले उच्च स्तरिय सेवा प्रदान गर्न सफल रहोस् भन्ने शुभकामना मन्तव्य व्यक्त गर्नू भएको थियो । कार्यक्रममा प्रमूख अतिथि तेज नारायण अधिकारीले सहकारीले स्थापनाको छोटो अवधिमा नै बिभिन्न कार्यक्रमहरु गरि आफ्ना शेयर धनीहरुलाई विभिन्न किसिमका सेवा सूबिधा दिएकोमा खुशि व्यक्त गर्नू भएको थियो। प्रतिस्पर्धात्मक आजको यूगमा सहकारीलाई सूचना प्रबिधि मैत्रि बनाउन शुभारम्भ गरिएको मोबाइल एप्सले सहकारीको बिकासमा कोसेढुङ्गा साबित हूने बताउनू भएको थियो।

कार्यक्रम संयोजक तथा कार्यसमिति सह सचिव दिनेश भण्डारीले कार्यक्रम माथि प्रकाश पार्नू भएको कार्यक्रम, सहकारीका सचिव तेज प्रसाद अधिकारीले संचालन गर्नु भएको थियो । सहकारीका अध्यक्ष अजय भण्डारीको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रमा हाले धन्यवाद ज्ञापनगर्दे सहकारीका पछिल्ला प्रगतिका सूचांकहरुको जानकारी दिनु भएको थियो।

# निजामती कर्मचारी संगठन कास्कीको पदस्थापन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

नेपाल निजामती कर्मचारी संगठन कास्कीको पदस्थापन कार्यक्रम पोखरामा सम्पन्न भएको छ। पदस्थापन कार्यक्रममा १२ औ जिल्ला अधिबेसनबाट सर्वसम्मत चयन भएको कार्य समितिका पदाधिकारी साथै सदस्यहरुलाई निर्वाचन मण्डलले प्रमाण पत्र वितरण गरेको थियो।

नेपाल निजामति कर्मचारी संगठन कास्कीका पुर्व अध्यक्ष ऋषि राम लामिछानेको अध्यक्षता पेशागत महासंघ नेपाल राष्ट्रिय समिति उपाध्यक्ष एवं गण्डकी प्रदेश इन्चार्ज राम प्रसाद खनालको प्रमुख आतिथ्यता र नेपाल निजामति कर्मचारी संगठन कास्कीका पुर्व अध्यक्ष निर्मल खत्रीको सञ्चालनमा पदस्थापन कार्यक्रम सम्पन्न भएको हो। पदस्थापना पश्चात संगठनका अध्यक्ष बिष्णु देवी पोखरेलको अध्यक्षतामा पहिलो बैठक समेत सम्पन्न भएको छ।

उक्त बैठकले विभिन्न निर्णयहरू गरेको अध्यक्ष पोखरेलले बताउनुभयो । पोखरेलले दिएको जानकारी अनुसार राष्ट्रसेवक बचत तथा ऋण सहकारी सँस्था लिमिटेड कास्कीले किनेको जग्गामा मनोज झपेन्द्र स्मृति भवन निर्माण गर्न एउटा कोष खडा गरी रकम सङ्कलन अभियान सञ्चालन गर्ने निर्णय भएको छ । बैठकमा व्यवस्थित कार्य योजनासहित संगठनका भावी रणनीति तयार पारी संगठन मजबुत र एकताबद्ध बनाउँदै अधिवेशनले सुम्पेको जिम्मेवारीलाई कुशलतापूर्वक निभाउन सबै संगठक प्रतिबद्ध रहेको जानकारी नवनिर्वाचित सचिव नविनकिरण भुसालले दिनुभयो।

बैठकमा राष्ट्र सेवक बचत तथा ऋण सहकारी सस्था लि.कास्कीका अध्यक्ष राममणि ढुङ्गाना, कर्मचारी संगठन कास्की जिल्ला इन्चार्ज तथा नेपाल निजामति कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन कास्कीका अध्यक्ष भरत प्रसाद भुसाल, नेपाल निजामती कर्मचारी संगठन कास्कीका निवर्तमान अध्यक्ष अशोक खनाल लगायतले मन्तब्य राख्नुभएको थियो । बैठकमा पेशागत महासंघ नेपाल कास्कीका अध्यक्ष एवं रास्ट्र सेवक बचत तथा ऋण सहकारी संस्था लि. कास्कीका पुर्व अध्यक्ष धुर्ब सिंह खड्का, ११ औ रास्ट्रिय अधिबेसन आयोजक समिति सदस्य राम हरि खड्का, पेशागत महा संघ नेपाल रास्ट्रिय समिति सदस्य एवं रास्ट्र सेवक साकोस कास्कीका निवर्तमान अध्यक्ष बैकुण्ठ नाथ आचार्य, पेशागत महासंघ रास्ट्रिय समिति सदस्य दुर्योधन गिरि, नेपाल निजामती कर्मचारी संगठन केन्द्रिय परिषद सदस्य भुवन दाहाल लगायतको उपस्थिती रहेको थियो। नवनिर्वाचित अध्यक्ष पोखेलले संगठनलाई मजबुत र बलियो बनाउने सङ्कलपका साथ अगाडी बढने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । हालै सम्पन्न जिल्ला अधिबेशनबाट बिष्णु देबी पोखरेल सर्वसम्मत अध्यक्ष चयन हुनु भएको थियो । संगठनको उपाध्यक्षमा कमल बहादुर के सी, महिला उपाध्यक्ष बिष्णु पोखेल पौडेल, सचिवमा नविन किरण भुसाल, सह -सचिव सुशीला देबी पोखरेल, कोषाध्यक्षमा मेघ बहादुर बस्नेत रहनुभएको छ।

समितीको सदस्यहरुमा भगवती शर्मा पौडेल, नेत्र नारायण सुबेदी, झलक शर्मा पौडेल, बेल कुमारी गुरुङ, शरिता भण्डारी सुबेदी, प्रबिण भण्डारी, कविन्द्र राज पौडेल, सागर अधिकारि, सुर्य बहादुर पाण्डे, सरस्वती सापकोटा, युबराज पौडेल, बिष्णु प्रसाद अधिकारी, युबराज पुन हुनुहुन्छ।

# कृषि विकास बैंक कर्मचारी संघ नेपाल गण्डकीको संयोजकमा थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ फागुन**

कृषि विकास बैंक कर्मचारी संघ नेपाल गण्डकी प्रदेशको संयोजकमा सन्तोष थापा सर्वसम्मत चयन भएका छन्।

शनिबार पोखरामा सम्पन्न कर्मचारीहरुको भेलाले थापाको संयोजकत्वमा गण्डकी प्रदेशस्तरीय १३ सदस्यीय समिति पुर्नगठन गरेको हो । समितिको सह-संयोजकमा सुमन सुबेदी चयन भएका छन् । यस्तै समितिको सदस्यहरुमा डोलराज गैह्रे, भिम बहादुर थापा, सन्दीप अधिकारी, कुशल तिवारी, संगीता पहारी, याम प्रसाद भुषाल, शर्मिला गौतम, रामचन्द्र अधिकारी, सरस्वती पाण्डे र सुनिल ढेवाजु छन् । समितिले एक जना सदस्य पछि थप गर्ने निर्णय गरेको छ। यस्तै, भेलाले ९ जना सल्लाहकार समितिपनि चयन गरेको नवनिर्वाचित संयोजक थापाले जानकारी दिए।

भेलाले आज नै प्रदेशभरका ११ जिल्लाको जिल्ला समिति पनि चयन गरेको छ । “बिशुद्द पेशागत हक हितका लागी कर्मचारी एकता, पारदर्शी र गतिशील ब्यबस्थापन आजको आबश्यकता” भन्ने उद्देश्यका साथ भेला सम्पन्न भएको हो।

यसअघि, कृषि विकास बैंक कर्मचारी संघ नेपालका केन्द्रिय संयोजक लिला जि.सीले कार्यक्रमको उद्घाटन गरे । कार्यक्रमको उद्घाटन गर्दै उनले पेशागत हकहितका लागि संघका कर्मचारी गोलबद्ध हुन आवश्यक रहेको बताए । बैंकका गण्डकी प्रदेश निर्देशक घनेन्द्र अधिकारी, सचिवालय सदस्य नरहरी प्रसाद दुलाल, पेशगत महासंघ केन्द्रिय सदस्य तथा संघका सल्लाहाकार महेश प्रसाद पौडेल, पुर्व कर्मचारीहरु टेकराज तिमल्सीना, झलक बहादुर भण्डारी ,रत्न बहादुर महत, बैंकका कर्मचारी हिमलाल श्रेष्ठ र ऋषिराम रेग्मी लगायतले शुभकामना व्यक्त गरेका थिए।

कृषि बिकास बैंक कर्मचारी संघ नेपालका गण्डकी प्रदेश संयोजक भेषराज घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत संगीता पहारी र सञ्चालन सुमन सुबेदीले गरेका थिए। कार्यक्रममा ९० जनाको उपस्थिती थियो।


**नेपाल सरकार**
**रक्षा मन्त्रालय**
**श्री सैनिक आवासीय महाविद्यालय**
**फुलवारी पोखरा**

**शिलबन्दी दरभाउपत्र आब्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/११/२२ गते**
**सूचना नं. SAMP/078/79/06**

१. कास्की जिल्ला, पोखरा स्थित यस सैनिक आवासीय महाविद्यालयलाई आवश्यक भांडा वर्तनका सामानहरु आपुर्ति गर्न ईच्छुक इजाजत प्राप्त कम्पनी/फर्म/संस्था/सप्लायर्सहरुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र अर्थात मिति २०७८/१२/०६ गतेको कार्यालय समयभित्र दरभाउपत्र शूल्क रु.१,०००।०० (एक हजार) मात्र (पछि फिर्ता नहुने गरी) तिरेर दरभाउपत्र खरिद गरी सो दरभाउपत्रमा उल्लेखित शर्त अनुसार शिलबन्दी दरभाउपत्र मिति २०७८/१२/०७ गतेको १२:०० बजेभित्र दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. साथै, दर्ता हुन आएको दरभाउपत्र मिति २०७८/१२/०७ गतेको १३:०० बजे यस महाविद्यालयमा खोलिने व्यहोरा समेत सूचित गरिन्छ ।

**दरभाउपत्र जमानत र कामको विवरण**

| सि. नं. | कामको विवरण | आपुर्ति गर्नुपर्ने स्थान | कुल लागत रकम | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १. | भांडा वर्तनका सामानहरु आपुर्ति | सैनिक आवासीय महाविद्यालय | १३,६०,०००।- | ४०,८००।- | १,०००।- | |

३. साथै, दरभाउपत्र खोलुवा मिति विदाको दिन परेमा सो को भोलिपल्ट खोलुवा गरिनेछ ।

नोट:- कुनै दुविदा भएमा जानकारीको लागि महाविद्यालयको फोन नं. ०६१-५७७७४५ मा सम्पर्क गर्न सकिनेछ ।